नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)
फोन नं.: ४५३४११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- २०८०/०८१(अनुमतिपत्र)
चलनी नं.:- ९५४

मितिः २०८०/५/१९

विषय : सबभन्दा माथिल्लो इवाखोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री टिम्बुङ पोखरी हाइड्रो प्रा.लि.
काठमाडौं महानगरपालिका वडा नं. ३२, गैरी गाउं, काठमाडौं ।
सम्पर्क मोवाइल नं. : ९८५१०३९०५४, ९८४२०५८९७७, ९८१६३२५९१०, ९८५२०४८६०९ ।

प्रस्तुत विषयमा तहाँले सबभन्दा माथिल्लो इवाखोला (Upper most Iwakhola) जलविद्युत आयोजना (४.१ मे.वा.) को विद्युत उत्पादनको अनुमतिपत्र पाउन दिएको दरखास्तमाथि कारवाही हुँदा नपुग देखिएका कागजात विवरणहरू पेश गर्न विभागको मिति २०८०/२/३ च.नं. १३०२ तथा मिति २०८०/४/२८ च.नं. ९६ को पत्र मार्फत तहाँलाई पत्राचार गरिएकामा तपशिल बमोजिमका कागजात विवरणहरू अझै पेश भएको नदेखिंदा सो विवरणहरू ७ दिनको समयावधिभित्र पेश गर्नुहुन विभागको मिति २०८०/५/१८ को निर्णयानुसार जानकारी गराईन्छ ।

<u>तपशिल (नपुग तथा पेश गर्नु पर्ने थप कागजात विवरण ) :</u>

१. कम्पनीको प्रबन्धपत्र, नियमावली, कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख (विद्युतीय प्रति Excel format मा सहित), पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) को नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।
२. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी ।
३. आयोजनामा प्रत्यक्ष रुपले ऋण लगानी गर्ने वित्तीय संस्थाहरुसँग भएको ऋण सम्झौता वा ती संस्थाहरुले शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने गरी ऋण लगानी गर्न व्यक्त गरेको प्रतिवद्धतापत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।
४. प्रवर्द्धक कम्पनीले वा सोका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागी भएको नभएको जानकारी तथा सहभागी भएको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी चार्टर्ड एकाउन्टेन्टबाट UDIN number सहित जारी गरेको नेटवर्थ प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि र नेटवर्थ प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात तथा खुद सम्पत्ति (नेटवर्थ) पुष्टि हुने आधार प्रमाण ।
५. कम्पनीको खुद सम्पत्ति (नेटवर्थ) विवरण रजिष्टर्ड चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको प्रति र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात तथा रजिष्टर्ड चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित गरिएको प्रवर्द्धक कम्पनीको खुद सम्पत्ति (नेटवर्थ) पुष्टि हुने आधार प्रमाण ।
६. आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिंग डिजाईन र डिजाईन नक्शा र ड्रइंग तथा सोको विद्युतीय प्रति ।
७. आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन(प्रतिवेदन स्वीकृतिको पत्रसहित) तथा सोको विद्युतीय प्रति।
८. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा (कम्पनीबाट प्रमाणित भएको)।
९. आयोजनाको लागि आवश्यक घर-जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण ।
१०. विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता ।
११. उत्पादित विद्युत प्रसारण गर्ने व्यवस्था सम्बन्धी विवरण ।

(दुर्गा नारायण भुसाल)
इन्जिनियर

बोधार्थ:
श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।